**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं. १२६/०७९/०८०

मिति: २०७९।०७।१७

केन्द्रीय कार्यसमिति
(२०७९-२०८२)

अध्यक्ष
वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे

उपाध्यक्ष
अधिवक्ता हर्क बहादुर रावल
अधिवक्ता वीरेन्द्र के.सी.
अधिवक्ता पशुपति भण्डारी
अधिवक्ता सुरज खत्री
अधिवक्ता तुलाराम गिरी
अधिवक्ता उत्तम प्रसाद आचार्य
अधिवक्ता सुधिर कुमार कर्ण
अधिवक्ता आशा राई

महासचिव
अधिवक्ता अञ्जिता खनाल

कोषाध्यक्ष
अधिवक्ता भरत बहादुर राउत

सचिव
अधिवक्ता निर्भयराज पौडेल

सदस्यहरु
अधिवक्ता शर्मिला थापा विष्ट
अधिवक्ता भरत कुमार लकाई
अधिवक्ता देवी प्रसाद कोईराला
अधिवक्ता किरण कुमारी साह
अधिवक्ता नारायण दास राई
अधिवक्ता नरेश कुमार साह
अधिवक्ता सन्तोष कुमार राउत
अधिवक्ता गुणराज आचार्य
अधिवक्ता रुप बहादुर सारु
अधिवक्ता जीतेन्द्र बहादुर मडै
अधिवक्ता विनिता नेपाली
अधिवक्ता सीता पौड्याल
अधिवक्ता सन्तोष तिवारी

# निर्वाचन पर्यवेक्षण सम्बन्धी

## सूचना

नेपाल बार एशोसिएशन मानवअधिकारको संरक्षण, संवैधानिक सर्वोच्चता, कानूनी शासन, नागरिक स्वतन्त्रता, पूर्ण प्रेस स्वतन्त्रता र आवधिक निर्वाचन जस्ता विषयका पक्षमा सदा-सर्वदा दृढतापूर्वक उभिँदै आएको सर्वविदितै छ । यसै सन्दर्भमा देशमा आगामी मिति २०७९ मङ्सिर ४ गते सम्पन्न हुन गईरहेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को पर्यवेक्षण गर्न यस नेपाल बार एशोसिएशनलाई अनुमति प्राप्त भएको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

तसर्थ, निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९, निर्वाचन आचार संहिता, २०७९ र निर्वाचन सम्बन्धी प्रचलित कानूनको परिधि भित्र रही नेपाल बार एशोसिएशनको तर्फबाट उल्लेखित निर्वाचनको पर्यवेक्षण गर्न इच्छुक कानून व्यवसायीहरुबाट आफू आवद्ध बार एकाई मार्फत तपसिलमा उल्लेखित अनिवार्य कागजातहरु संलग्न गरी नेपाल बार एशोसिएशनमा उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । प्राप्त कागजातहरु अध्ययन गरी उपलब्ध पर्यवेक्षक संख्या, लैङ्गिक तथा समावेशी पद्धती, प्रदेश तथा भौगोलिक क्षेत्र, निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ को व्यवस्था बमोजिम स्वीकृतिका लागि कारवाही अगाडि बढाइने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**पर्यवेक्षकको लागि आवश्यक अनिवार्य कागजातहरु:**

१. पासपोर्ट साइजको फोटो - १
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ (जन्म मिति र नागरिकता नं. प्रष्ट देखिने)
३. माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि- १
४. निर्वाचन पर्यवेक्षण निर्देशिका,२०७९ बमोजिम सहि छाप गरेको सपक्ष ग्रहण पत्र- १
५. मतदाता परिचय पत्रको प्रतिलिपि-१ (मदतदाता परिचय पत्र नं. प्रष्ट देखिने)
६. पर्यवेक्षकको व्यक्तिगत विवरण प्रविष्ट फाराम-१

नेपाल बार एशोसिएशनको तर्फबाट पर्यवेक्षण गर्ने पर्यवेक्षकहरुले नेपाल बार एशोसिएशनको गरिमालाई अक्षुण राख्दै निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९, निर्वाचन आचार संहिता, २०७९ र निर्वाचन सम्बन्धी प्रचलित कानूनको अधिनमा रही पर्यवेक्षण गरी तोकिएकै समयमा अनिवार्य रुपले पर्यवेक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

.........................
**अधिवक्ता हर्क बहादुर रावल**
**कार्यवहाक अध्यक्ष**